आज मिति २०७७ साल भाद्र १२ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री जनक राज मिश्र ज्यूको अध्यक्षतामा ८६ औं बैठकको उपस्थिति तपशिल बमोजिम रह्यो ।

<u>तपशिल</u>

| सि. नं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री जनक राज मिश्र | नगर प्रमुख | |
| २ | श्री ज्ञानु शाह | नगर उप प्रमुख | |
| ३ | श्री सूर्य बहादुर दुरा | वडा अध्यक्ष वडा नं १ | |
| ४ | श्री नबिन कुमार श्रेष्ठ | वडा अध्यक्ष वडा नं २ | |
| ५ | श्री अमृत नेउपाने | वडा अध्यक्ष वडा नं ३ | |
| ६ | श्री कृष्ण राज खनिया | वडा अध्यक्ष वडा नं ४ | |
| ७ | श्री ललित गुरूङ | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | श्री रघुनाथ मिश्र | वडा अध्यक्ष वडा नं ६ | |
| ९ | श्री जयराम रेग्मी | वडा अध्यक्ष वडा नं ७ | |
| १० | श्री कृष्ण कान्त अधिकारी | वडा अध्यक्ष वडा नं ८ | |
| ११ | श्री मोती प्रसाद गुरूङ | वडा अध्यक्ष वडा नं ९ | |
| १२ | श्री जय बहादुर अधिकारी | वडा अध्यक्ष वडा नं १० | |
| १३ | श्री प्रेम बहादुर दुरा | वडा अध्यक्ष वडा नं ११ | |
| १४ | श्री भवानी के. सी. | नगर कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी पोंखरेल | नगर कार्यपालिका सदस्य | |
| १६ | श्री चन्द्रमा घिमिरे | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री बुद्ध कुमारी सुवर्णकार | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री शान्ता भुजेल | नगर कार्यपालिका सदस्य | |
| १९ | श्री राजेन्द्र दर्जी | नगर कार्यपालिका सदस्य | |
| २० | श्री सुरेश कुमार दुरा | नगर कार्यपालिका सदस्य | |

<u>अन्य उपस्थिति</u>

| सि. नं | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | ठाकुर जी तिवारी | प्रमुख प्रशासकीय अधिकृत | |

## नगर-कार्यपालिकाको मिति २०७७/०५/१२ गतेको ८६ औ बैठकको निर्णयहरु

**निर्णय नं. १ :** सुन्दरबजार नगरपालिका कोभिड -१९ को सङ्क्रमणको उच्च जोखिममा रहेको र हाल यस न. पा. मा समूहस्तरमा कोरोना सङ्क्रमण फैलने क्रममा रहेकाले सुन्दरबजार नगरपालिकाका वडा नं.५, ६, ७, ८ र ९ तथा मध्यपहाडी लोकमार्ग वरपरका क्षेत्रमा पूर्णरुपमा तथा सुन्दरबजार नगरपालिका भित्रका सम्पूर्ण बैक, सहकारी तथा वित्तीय कारोबार गर्ने संस्थाहरु बन्द रहने गरी मिति २०७७ भदौ १२ गतेबाट २०७७ भदौ १९ गतेसम्म निषेधाज्ञा जारी गर्न जिल्ला कोभिड १९ संकट व्यवस्थापन केन्द्र, लमजुङ समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :** यस नगरपालिका वडा नं. २ मा अघिल्लो आ व २०७६/०७७ मा विद्युत लाईन मर्मत तथा स्तरोन्नति गरिएकोमा लमजुङ विद्युत उपभोक्ता संस्थालाई आबश्यक बील भरपाईका आधारमा रु २,००,०००।- (अक्षरेपी दुई लाख रुपैया मात्र ) भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ३ :** सुन्दरबजार अस्पतालको सेवा विस्तारका लागि नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गर्ने क्रममा निम्न अनुसार गर्ने निर्णय गरियो :

क) सुन्दरबजार अस्पतालको सेवा विस्तारका लागि तयार गरिएको प्रस्ताव पारित गर्ने,

ख) स्वीकृत प्रस्ताव सहित सुन्दरबजार अस्पतालको सेवा विस्तारका लागि नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समक्ष अनुरोध गर्ने ।

ग) सुन्दरबजार नगरपालिका वडा नं ९, फेदीकुनामा रहेको नेपाल विद्युत प्राधिकरणको स्वामित्वको आवास क्षेत्रका केही भवनहरु प्राप्तिका लागि आवश्यक पहल गर्ने साथै स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयसँग आवश्यक समन्वय गर्ने ।

घ) यस नगरपालिकालाई हस्तान्तरण भएको जिल्लाको एक मात्र सरकारी अस्पताल सुन्दरबजार अस्पतालका लागि सुन्दरबजार नगरपालिका वडा नं ७ मा रहेको सार्वजनिक जग्गा प्राप्तिका लागि प्रक्रिया चलिरहेको, जग्गा प्राप्ति सम्बन्धी फाईल भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालयमा सक्रिय अवस्थामा रहेको साथै जग्गा प्राप्ति गर्नका लागि कानूनी प्रबन्ध समेत भइसकेको अवस्थामा सुन्दरबजार अस्पतालको जग्गा प्राप्तिको कामलाई तदारुकता साथ अगाडि बढाउने अस्पतालको भवन निर्माणका लागि आवश्यक कार्यहरु गर्ने ।

ङ) सुन्दरबजार अस्पतालको विस्तारित सेवालाई "सुन्दरबजार अस्पताल विस्तारित सेवा" नामाकरण गर्ने साथै यसै नामबाट साइनबोर्ड तयार गर्ने ।

च) सुन्दरबजार अस्पतालको भवन निर्माण पछि अस्पतालका सबै सेवाहरु नव निर्माण हुने भवनबाटै सञ्चालन गर्ने ।

छ) सुन्दरबजार अस्पतालबाट हाल प्रवाह भइरहेका सेवाहरु साबिककै भवनबाट निरन्तरता दिने ।

ज) उल्लेखित कार्य सम्पादनका लागि लमजुङ जिल्लाबाट प्रतिनिधित्व गर्ने प्रतिनिधि सभा सदस्य माननीय श्री देवप्रसाद गुरुङ ज्यू तथा सम्बन्धित निकायहरुमा नगर प्रमुख स्वयमले समन्वय गर्ने ।

...कराज मिश्र

**निर्णय नं. ४ :** विभिन्न प्रस्ताव तयार गरी पेश गर्ने सम्बन्धमा निम्न अनुसार गर्ने निर्णय गरियो ।

क) सुन्दरबजार नगरपालिकाको कुनै क्षेत्रमा औद्योगिक ग्राम स्थापना गर्ने उद्देश्यले आवश्यक कानूनी प्राबधानहरु अध्ययन गरी प्रस्ताव तयार गरी सम्बन्धित निकायमा पेश गर्नका लागि नगर कार्यपालिकाको कार्यालयले नगर प्रमुख समक्ष राय पेश गर्ने साथै उक्त राय अध्ययन गरी नगर प्रमुखले प्रस्ताव तयार गरी पेश गर्न लगाउने ।

ख) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबार, काठमाण्डौंको मिति २०७७ भदौ २ गतेको सूचना अनुसार "पर्यटन पूर्बाधार तथा पर्यटन उपज विकास साझेदारी( सञ्चालन तथा व्यवस्थापन ) निर्देशिका, २०७७" ले तोकेको मापदण्ड बमोजिम यस न. पा. को वडा नं. ७ मा रहेको "रमाईलो मर्स्याङदी परियोजना" र वडा नं. ३ मा रहेको "खजेदुरा पार्कको विकास तथा सांस्कृतिक केन्द्र भवन निर्माण" गरी दुईवटा आयोजना सञ्चालनका लागि यस नगरपालिकाले ३५% बजेट बेहोर्ने प्रतिबद्धता सहित संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय,सिंहदरबार, काठमाण्डौंमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :** २०७७ बैशाख १ गते राति ११:४५ बजे परेको चट्याङका कारण यस नगरपालिकाको वडा नं ११ निवासी बुद्धि बहादुर पाण्डे र वडा नं ४ निवासी रामजी सार्कीको ठूलो क्षति भएकोमा गत आर्थिक वर्षमा तत्काल खान बस्नका लागि राहत उपलब्ध गराए पनि निजहरुको घर मर्मत लगायतका कामका लागि निजहरुले आवश्यकता अनुसार खर्च गर्न पाउने गरी (रकम उपलब्ध गराउँदा बील आवश्यक नपर्ने) निजहरुको क्षति समेतका आधारमा बुद्धि बहादुर पाण्डेलाई रु.१,००,००० अक्षेरेपी एक लाख मात्र र रामजी सार्कीलाई रु.५०,००० अक्षेरेपी पचास हजार मात्र आर्थिक सहायता स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६ :** सुन्दरबजार नगरपालिका वडा नं २ को हाँडेटार सिंचाईको कुलो मर्मत गर्दा लागेको रकम प्राविधिक मूल्याङ्कनका आधारमा भुक्तानी गर्ने निर्णय गरियो ।

२०७७/५/१२

जनकराज मिश्र
प्रमुख